**Nepalese Culture**
**Vol. 15 : 125-140, 2022**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v15i1.48578**

# हिलेपानी गाउँमा वाम्बुले पितृकार्य खाउमा

**प्रदिपकुमार राई**
लेखक विद्यावारिधि शोधार्थी, त्रि.वि.
mailabyakul@gmail.com

## लेखसार

*'खाउमा' किरात वाम्बुले राई समुदायले सम्पन्न गर्ने विभिन्न रीतिथितिहरूमध्ये एक मुख्य पितृकार्य तथा संस्कार हो । यो पितृकार्य परिवारका कुनै सदस्यको मृत्यु भएको वर्ष 'बर्खान्त'को रूपमा 'कुयामो खाउमा' (अशुभ पितृकार्य) भनेर र घर-परिवारमा सुख-शान्ति छाओस् भनेर वा विवाह कर्म वा नयाँ घर निर्माण कार्य सम्पन्न भएको वर्ष वा घरपरिवारमा सुख-शान्ति छाओस् भनेर दुई/चार वर्षको अन्तरालमा 'फूरी खाउमा' (शुभ पितृकार्य) भनेर सम्पन्न गर्ने गरिन्छ । यो पितृकार्य मानव सभ्यता र सृष्टिको मिथकसँग जोडिएको परापूर्वकालदेखि मानिँदै आइएको एक पुरानो संस्कृति हो । यो सम्पन्न गर्न ठ्याक्कै तीन दिन समय लाग्दछ । निकै खर्चिलो पनि रहेको पाइन्छ । खाउमा वाम्बुले राई जातिको परिचय दिने एक मौलिक संस्कृति हुँदाहुँदै पनि मानिआएको धर्म तथा संस्कृति परिवर्तन गर्ने बढ्दो प्रवृत्ति र समयसँगै समाज तथा संस्कृतिमा आएको परिवर्तन जस्ता कारणले गर्दा अब कतै हराउने पो हो कि भन्ने स्थितिमा पुगेको छ । अलिखित मुन्धुम विधिमा आधारित यस संस्कारको वास्तविक स्थिति बुझ्न वाम्बुले राई समुदायको सघन बसोबास रहको ओखलढुङ्गा जिल्लाको हिलेपानी गाउँलाई अध्ययन-क्षेत्र बनाई यो अध्ययन गरियो । यस क्रममा यो निकै लोपोन्मुख अवस्थाबाट गुज्रिरहेको देखियो । मुख्य मुन्धुमी कुलगुरु (नाक्सो) नहुनु, कतिपय सामग्री प्राकृतिक रूपमै नपाइनु, चौतारो बनाउन र सुम्दी-सिली नाच्नलाई समेत अर्को गाउँको संस्कृतिकर्मी ल्याउनु पर्ने परिस्थिति आउनु जस्ता कारणले हिलेपानी गाउँमा खाउमा लगायत अन्य परम्परागत् मुन्धुमी संस्कार-संस्कृतिहरू लोप हुने खतरामा रहेको सङ्केत गर्दछ ।*

**शब्दकुञ्जी** : खाक्चिलुक्पा, रिनुखा, जाउमा, ख्लिउमा, सुम्दी, सुम्दी-सिली, सुरिम, ची ।

## परिचय

किरात राई जातिभित्र रहेको झन्डै तीन दर्जन थरहरू– बान्तावा, चाम्लिङ, बाहिङ, कुलुङ, थुलुङ, खालिङ, जेरुङ, तिलुङ, कोयू, नाछिरिङ, दुमी, पुमा, याम्फू, लोहोरुङ, मेवाहाङ, साम्पाङ, लिङखिम, आठपरे आदिजस्तै 'वाम्बुले' पनि एक थर एवं समुदाय हो ।। यस थरी राई जातिको बसोबास ओखलढुङ्गा, खोटाङ,

उदयपुर, सुनसरी, धनकुटा, इलाम, सोलुखुम्बु, मोरङ्ग, झापा, पाँचथर, काठमाडौं आदि विभिन्न ठाउँहरूमा रहेको पाइन्छ। मुख्य बसोबास थलो भने ओखलढुङ्गा जिल्लाको उँबु, वाक्सा, मानेभञ्ज्याङ्ग, उदैपुर, माधवपुर, हिलेपानी आदि गाउँहरू, खोटाङ जिल्लाको बाहुनीडाँडा, झाप्पा, दाम्ली, बेता, तेम्टुकु, राजिमो, सिरिवान, स्वायुङ, बाइटार आदि गाउँहरू, सिन्धुली जिल्लाको सोकु, दल्से, तीनखण्डे, रत्नावती आदि र उदयपुर जिल्लाको सोरुङ, हर्देनी, बेतेनी, सल्लेरी, लेखानी आदि गाउँ/बस्तीहरू रहेका छन्।

यस थरी वाम्बुले समुदायभित्र पनि क्याम्पाचो, गुर्भाचो/गुर्भा, द्वाच्वाङ्चा (जोम्चोपाटा र नाक्सोपाटा), बिन्वाङ्चा, राभोङ्चा, भावाचाचो (बुढाराई, मुखिया, कारबारी, गौरुङ, थरी, बगाले आदि), नाक्सोचाचो, मुक्काचो, फुम्लाचो, बोडम, राब्धाचो, लुवारी, हाताचो आदि विभिन्न उपथर रहेका छन्। साथै यस समुदायमा पुस्तौँदेखि घुलमिल भएर बसेका कतिपय अन्य थरी राई समुदायलाई समेत वाम्बुले सरह मान्ने गरिएको छ। जस्तो– जेरो, रोके/बाहिङ, थुलुङ, चाम्लिङ आदि। वाम्बुले समुदायको संस्कृति अन्य थरी राई समुदायकै जस्तो प्रकृति, पितृ र चुल्होको पूजामा आधारित पाइन्छ। यस समुदायलाई चिनाउने विशेष पक्ष भनेको भाषा हो। यस समुदायको आफ्नो अलग मातृभाषा रहेको छ, जसलाई *'राङु-योर'/ 'वाम्बुले-योर'* भनिन्छ। मुख्य संस्कार-संस्कृतिमा जन्मदेखि मृत्युसम्मका सामाजिक संस्कारहरू, विभिन्न चाडपर्वहरू, लोकभाका र लोकनाचहरू रहेका छन्। त्यस्तै पितृकार्यहरूमा फेली, न्वागी, ल्योक्रो/ड्याक्रो, खाउमा आदि। यिनै पितृकार्यहरूमध्ये यहाँ 'खाउमा' को अध्ययन गरिएको छ।

खाउमामा सांस्कृतिक परिवर्तनको के-कस्तो प्रभाव परेको छ भन्ने कुरा नै यस अध्ययनको मुख्य विषयवस्तु हो। यसबाट परम्परागत् मौलिक संस्कार-संस्कृतिहरू लोप हुनबाट जोगाउने पक्षमा अलिकति नै भए पनि सचेतना जागृत गर्नमा मद्दत पुऱ्याउन सकियोस् भन्ने उद्देश्य राखिएको छ। वाम्बुले राई समुदायको बसोबास विभिन्न जिल्ला र गाउँ-बस्तीहरूमा रहेको कुरा भर्खरै भनिसकियो। यी सबै क्षेत्रमा पुगेर अध्ययन गर्न समय र साधन-स्रोतको सीमितताले असंभव हुने भएकोले यस अध्ययनको अध्ययन-क्षेत्र हिलेपानी गाउँ रोजियो। हिलेपानी गाउँ ओखलढुङ्गा जिल्लाको मानेभञ्ज्याङ्ग गाउँपालिकाको वडा नं. ६ अन्तर्गत साविक थाक्ले गाउँ विकास समितिको वडा नं. ५, ६, ७ र ८ मा पर्दछ। यस गाउँमा करिब ३ सय घर धुरी र १५ सय जनसङ्ख्या रहेको अनुमान गर्न सकिन्छ। यस गाउँको संस्कृतिको अध्ययनबाट सिङ्गो वाम्बुले संस्कृतिमा परेको सांस्कृतिक परिवर्तनको प्रभाव अनुमान गर्न सकिन्छ। किनभने यो गाउँ वाम्बुले समुदायको मात्र बसोबास रहेको एक ठूलो गाउँ हो। वाम्बुले मातृभाषा बोलिने गाउँ हो।



**तस्बिर १ :** हिलेपानी गाउँको झलक ।

अवलोकन विधि अपनाएर अध्ययन गरिएको छ । 'खाउमा' को स्थलगत् अध्ययन गर्ने क्रममा हिलेपानी गाउँ अन्तर्गत् थाक्ले गा.वि.स.को साविक वडा नं. ७ मा श्री रस्तमान राईको घरमा मिति २०७१ फागुन २१, २२ र २३ गते सम्पन्न 'फूरी खाउमा', ऐ. वडा नं. ८ ग्रोक्तालमा मिति २०७८ माघ १७, १८ र १९ गते श्री काशीराम राईको घरमा सम्पन्न 'कुयामो-खाउमा' र ऐ. वडा नं. ७ मा श्री मलमकुमार राईको घरमा मिति २०७८ फागुन २१, २२ र २३ गते सम्पन्न 'छियामो खाउमा' को अवलोकन गरिएको थियो । द्वितीयक स्रोतको पनि प्रयोग गरिएको छ । पूर्वअध्ययनको सन्दर्भमा भन्नुपर्दा वाम्बुले भाषा र संस्कृति प्रधान 'लिब्जु-भुम्जु' पत्रिका वि.सं. २०५० सालदेखि प्रकाशन हुन थालेदेखि वाम्बुले भाषा र संस्कृतिका बारेमा अध्ययन हुन थालेको हो । 'खाउमा' को बारेमा पनि यस पत्रिकामा यी विभिन्न लेखहरू प्रकाशित छन्– महाजीत राईको 'वाम्बुले राईको सामाजिक संस्कार खाउमा' वि.सं. २०५४, वर्ष–६, ६(१), पुष्पहरि राई (दिर्पा) को 'खाउमा रितुम' वि.सं. २०५८, वर्ष–१०, १८ (१), अष्ट जेरो राई र इन्द्र जाबा राईको 'वाम्बुले राङुङ् खाउमा-खासील्वाम स्वाम्दीखाङु (मुन्धुम)' वि.सं. २०६०, वर्ष–११, २३ (१), प्रदीप राईको 'वाम्बुले सामा-संस्कृति' वि.सं. वर्ष–१२, २५(१), मेडल राईको 'वाम्बुले राईको खाउमा' वि.सं. २०६२, वर्ष–११, २३(१), ऐ. अङ्कमा प्रदीप राईको 'किरात वाम्बुले राई जातिको खाउमा-सिली', कमल किरातीको 'वाम्बुले राईहरूको पितृपूजा खाउमा र ची को प्रयोग' वि.सं. २०६२, वर्ष–१३, २५(१) र अविनाथ राईको 'वाम्बुले राईहरूको परम्परागत् पितृकार्य : केही विवेचना' वि.सं. २०६०, वर्ष–११, २४(२) मा प्रकाशित छन् । किरात राई यायोक्खाको मुखपत्र *निप्सुङ* पत्रिकाको वि.सं. २०५७, वर्ष–७, अङ्क–११ मा इन्द्र जाबा राईको– 'वाम्बुले राईका : खाउमा (साकेला) सिलीको संक्षिप्त परिचय' र वाम्बुले राई समाज (वाम्रास) संस्थाको मुखपत्र 'सुरिम-शिलाख' रितुम-मुन्धुम विशेषाङ्क (मि.न.)मा 'मृत्यु कर्म' अन्तर्गत खाउमा सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ । गणेश राई (वि.सं. २०७८) को 'वाम्बुले राईको फूरी खाउमा, कुयामो-खाउमा र छियामो खाउमा' लेख इक लिब्जु-भुम्जु वर्ष–८, ८८(१५) मा प्रकाशित छन् । यसैगरी

त्रि.वि.वि. को स्नातकोत्तर तहको शोधपत्रहरूमा पनि यस विषयवस्तुलाई समेटिएको छ, जसमा सीताकुमारी राई (वि.सं. २०७२) 'वाम्बुले राई जातिको मृत्यु संस्कार' र शुभराज राई (वि.सं. २०७७) 'किरात वाम्बुले राई जातिको मौलिक संस्कृति' विषयक शोधपत्रहरू उल्लेखनीय छन् । यी लेख तथा शोधपत्रहरू नै खाउमा सम्पन्न गरिने रीत बारे जानकारी प्राप्त गर्न सकिने हाल उपलब्ध मुख्य द्वितीयक स्रोत हुन् । यी स्रोतहरूको आधारमा के भन्न सकिन्छ भने खाउमा लगायत स्थानीय वाम्बुले संस्कार-संस्कृतिको सन्दर्भमा सांस्कृतिक परिवर्तनको प्रभाव सम्बन्धी विषयवस्तुमा भने शोध-अनुसन्धान हुन बाँकी नै रहेको छ । यही विषयवस्तु नै यस अध्ययनको प्रस्थान-विन्दु हो ।

## खाउमाको नालीबेली

### खाउमा के हो ?

'खाउमा' वाम्बुले राई समुदायले सम्पन्न गर्ने विभिन्न रीतिथितिहरूमध्ये एक मुख्य पितृकार्य तथा संस्कार हो । परम्परागत् मौलिक वाम्बुले मुन्धुम संस्कृतिलाई 'सामा-भेष' भनिन्छ । यस भेष मान्ने घर-परिवारले खाउमा समय-समयमा गर्दछन् । यसलाई 'खासी' वा 'सामा' पनि भनिन्छ । यो देवाली जस्तै पितृकार्य हो । यो पितृकार्य मुन्धम विधि अनुसार सम्पन्न गर्ने गरिन्छ ।

"खाउमा वाम्बुले राईहरूको सबभन्दा ठूलो र उत्तिकै महत्त्वपूर्ण पितृकार्य हो । ...आर्थिक रूपले समेत अत्यन्त खर्चिलो हुने भएकोले कुनै एक वाम्बुले घरमूलीले आफ्नो जीवनकालमा बढीमा तीन पटकसम्म अन्यथा एक वा दुई पटक मात्रै खाउमा गर्न सक्दछ । कसैले त एक पटकसम्म पनि नगरेको वा गर्न नसकेको पनि पाइन्छ । ...खाउमालाई वाम्बुले राईहरूको आदिम इतिहास र संस्कृति बोकेको संस्कार हो भन्न सकिन्छ" (राई-शु, पृ.७५) । "वाम्बुले राई समुदायको प्रमुख चिनारी र महत्त्वपूर्ण संस्कार खाउमा हो ।...फूरी खाउमा भन्नाले सुख, शान्ति, संमृद्धिका लागि गरिन्छ भने मृतकको वार्षिक अर्थात् अन्तिम संस्कारका रूपमा गरिने खाउमालाई कुयामो-खाउमा भनिन्छ" (राई-सी, पृ.६८) ।

### खाउमाको उत्पत्ति कथा

वाम्बुले मुन्धुमअनुसार आदिममानव पुर्खा 'खाक्चिलुक्पा' हुन् । उनका दुई दिदी 'जाउमा' र 'ख्लिउमा' थिए । उनको दाम्पत्य सम्बन्ध भने 'रिनुखा' नामक कन्यासँग गाँसिन्छ । खाक्चिलुक्पा र रिनुखाको दाम्पत्य जीवन चल्ने क्रममा खाक्चिलुक्पाले कहिले मृग, कहिले ढुकुर जस्ता पशुपंक्षीको शिकार गर्दछ । एक दिन आफ्नो बासस्थान वरपर मकै, कोदो, धान आदि अन्न फलेको पाउँछन् । शिकार गरी खाएको ढुकुरको गाँडभित्रका गेडागुडीबाट उम्रेको रहेछ । 'यो त हाम्रो सास अल्झाउने कुरा होला' भनेर खान थाल्दा बिरामी पर्छन् । के कारणले बिरामी भइयो भनेर जोखना हेराउँदा पितृपूजा नगरी अन्नबाली खाएकोले रहेछ भन्ने कुरा थाहा हुन्छ । त्यसपछि जानेसम्मको विधि पुऱ्याएर पितृकार्य गर्छन् । तर, पनि हालत उस्तै रहन्छ । आफ्नो पितृकार्य असफल हुनुको कारण जान्न फेरि जोखना हेराउँछन् । चेलीबेटीलाई दान-दक्षिणा नदिइ पितृकार्य सम्पन्न गरिएकोले हो भन्ने कुरा पत्ता लाउँछन् । त्यसपछि चेलीबेटी खोज्छन् । सपना हो कि विपना हो भनेजस्तो गरी कसोकसो खाक्चिलुक्पाले आफ्नी दुई दिदीहरू भएको कुरा सम्झिन्छन् । उनीहरूलाई खोज्न विभिन्न जीवहरू पठाउँछन् ।

तिनले दिदीहरू कतै जीवितै रहेका कुरा पत्ता लगाउन सफल भए पनि खाक्चिलुक्पा भए ठाउँसम्म ल्याइपुऱ्याउन असफल हुन्छन् । त्यसपछि अलि टाठोबाठो कुखुराको भालेलाई पठाउँछन् । त्यो गएर ती दिदीहरूको सामु घाँटी तन्काएर जोडले "क्वाँक्वाँरी..क्वाँ...खाक्चिलुक्पा...रिनुखा..." भन्दै बास्छ । जाउमा र ख्लिउमा छक्क पर्छन् । "उहिलै मरिसक्यो भन्ठानेर हामीले छाडिआएको हाम्रो भाइको नाम यो पंक्षीले किन लियो ?" भन्दै लखेट्छन् । भाले भाग्दैजान्छ । उनीहरू पनि त्यसलाई लखेट्दैजान्छन् । यस दौरानमा उनीहरू खाक्चिलुक्पा र रिनुखाको बासस्थान टुप्लुक्कै आइपुग्छन् । अचानक भाइ-बुहारीलाई देखेर छक्क पर्छन् । हर्षविभोर हुन्छन् । उनीहरूको त्यो हर्ष शब्दमा व्यक्त गर्न सकिन्न । यता विलम्ब नगरी केही रीतहरू पूरा गरी आफ्ना प्रिय दिदीहरूलाई पितृकार्यमा सामेल गराउँदछन् । तब खाक्चिलुक्पा र रिनुखाको पितृकार्य सफल हुन्छ । सबैको भलो र शुभ हुन्छ । हो, त्यही बेलादेखि खाउमा गर्ने चलन सुरु भयो । त्यही अवसरका कारण को-कता को-कता छरपष्ट भइसकेका माइती र चेलीहरूको पुनर्मिलन हुन्छ । सुख-शान्ति छाउँछ । त्यसै बेलादेखि कृषि र पशुपालन युगको प्रारम्भ भएको आभाष हुन्छ । मुन्धुमी सभ्यता र संस्कृतिको पनि शुभारम्भ हुन्छ ।

## खाउमाको किसिम

खाउमा कुनै घर परिवारको सदस्य मरेको वर्ष दिनभित्र बर्खान्तको रूपमा 'कुयामो खाउमा' गरिन्छ भने कुनै घरपरिवारमा विवाह कर्म वा नयाँ घर निर्माण कार्य सम्पन्न भएको साल 'फूरी-खाउमा' गरिन्छ । कुयामोले 'अशुभ' र फूरीले 'शुभ' भन्ने सङ्केत गर्दछ । अतः खाउमा 'कुयामो' र 'फूरी' गरी मुख्यतः दुई किसिमका छन्, जसलाई संक्षेपमा निम्नानुसार चर्चा गर्न सकिन्छ–

## फूरी-खाउमा

यो खाउमा सुखद् अवसरमा गरिने खाउमा हो । कुलपितृ सप्रियोस्, घरपरिवारमा कसैलाई पनि दोष-बिमार नहोस्, उन्नति-प्रगति हओस् भन्ने कामनाले यो खाउमा गरिन्छ । वाम्बुले शब्द 'फूरी' को अर्थ 'फूल' हो । यसले सुन्दरता/सुवास/शुभ कुराको सङ्केत गर्दछ । अतः यो शुभ प्रकृतिको खाउमा हो । घर परिवारमा विवाह सम्पन्न भएमा, कुनै आफ्नो ठूलो मनोकामना पूरा भएमा गरिने खाउमा हो । यो खाउमा गर्नु भनेको पितृका सम्मान गर्नु एवं उनीहरूको भाग अर्पण गर्नु हो । यस खुसीयालीमा दाजु-भाइ, नाता-कुटुम्ब लगायतका सबै इष्टमित्रहरूलाई निम्तो गरिन्छ ।

## कुयामो-खाउमा

कुयामो-खाउमा परिवारका कुनै सदस्य मरेको कारण परेको जुठो अर्थात् कालोमैलोबाट पूर्ण रूपमा शुद्ध हुन र मृतकको आत्मालाई पितृस्थानमा समावेश गर्नको लागि बर्खान्तको रूपमा यो खाउमा गर्ने गरिन्छ । "परिवारको कुनै सदस्यको मृत्युपछि बर्खी फुकाउन गरिने ठूलो पितृकार्यलाई कुयामो-खाउमा भनिन्छ । यसलाई वाम्बुले भाषामा बर्खान्त वा 'ड्अ फुक्चाम' (पितृको हारमा नाम उठाउने) भनिन्छ । योभन्दा सानो पितृकार्य, जसलाई पुसे/ल्याक्रो भनिन्छ, गरेर पनि फुकाउन सकिन्छ । यदि पुसे/ल्याक्रो नगरेको भएमा मात्र कुयामो-खाउमा गर्नु पर्दछ" (राई-शु, पृ.७५) । यस खाउमालाई अवस्था अनुसार थप निम्नानुसार वर्गीकरण गर्नुपर्ने देखिन्छ–

### छियामो-खाउमा

शुद्धै गरेपछि वर्ष दिनमा कुयामो-खाउमा गर्न संभव नदेखिएमा ४५ औं दिनमा नदी वा खोलानाला किनारमा भेला भएर 'पैंतालीस' संस्कार गरिन्छ । मूलदानी र हाँगादानीद्वारा दुःखमा बसेका कृयापुत्रीहरूलाई चोख्याउने एवं शुद्ध पार्ने कर्म पूरा गरिन्छ । यस क्रममा दुःखमा बसेका छोराहरूको कपाल खौरिदिने, दुःखमा बसेका छोरा-बुहारीहरूलाई रुम्टोघुम्टो (टोपी, भोटो, दौरा, सुरुवाल, फरिया, चोली आदि नयाँ लुगा लगाइदिने) गरिन्छ । जुठो बार्नेहरूलाई दूध, दही, माछा, मासु, रक्सी आदि खुवाइन्छ । मृतकको नाममा दानदक्षिणा गरिन्छ । सम्पूर्ण बाधा फुकाइन्छ । "घरमूलीको मृत्युपछि ४५ दिनमा घरका छोराहरूले केस मुण्डन गर्दछन् । मूलदानीले नै दुःख बार्ने छोरा-बुहारीलाई रुम्टोघुम्टो गरिदिन्छन् । मृतकको सम्झनामा मूलदानीलाई गच्छे एवं रीत अनुसारको दानद्रव्य प्रदान गरिन्छ । त्यस दिनदेखि शुद्ध हुन्छन् । यति गरेपछि वर्ष दिनभित्र गरिने कुयामो-खाउमा गर्नु पर्दैन । बरु उपयुक्त समय-सालमा मृतक सदस्यको सम्झनामा 'छियामो खाउमा' गरिन्छ" (राई-ग, पृ.५) । पहिले पैंतालीस गर्दै चोखिने कर्म सम्पन्न भइसकेको हुनाले यस पटक कपाल मुण्डन, रुम्टोघुम्टो लगायतका चोखिने काम गर्नु पर्दैन । राँगा, सुँगुर, ची (जिर्मा) लगायतका रीतहरू भने फूरी खाउमा गर्दाकै जस्तो लाग्छ ।

### ल्याक्रो/ड्याक्रो/पुसे

शुद्धै गरेपछि पनि छोराहरूले वर्षदिनसम्म दुःख (जुठो/आशौच) बारिरहेका हुन्छन् । त्यसलाई कुयामो-खाउमा (बर्खान्त) गरी फुकाइन्छ । यदि वर्ष दिनमा कुयामो-खाउमा गर्न नसकिने भएमा पुसमा सानो पितृकार्य गरेर फुकाइन्छ । त्यसैलाई 'ल्याक्रो' अथवा 'ड्याक्रो' भनिन्छ । "ल्याक्रो पुस महिनामा मात्रै गरिने भएकोले यसलाई 'पुसे-न्वागी' पनि भनिन्छ । कुयामो-खाउमा आर्थिक रूपमा बोझिलो र झन्झटिलो मान्नेहरूले मृतकको बर्खान्त स्वरूप ल्याक्रो गर्ने गर्दछन्" (हाताचो, पृ.३३)।

### खाउमामा चाहिने मुख्य सामग्री तथा परिकारहरू

खाउमाको लागि चाहिने सामग्री र परिकार भन्नाले रीतको लागि जुटाउनु पर्ने मुख्य भौतिक खर्चहरूलाई लिइएको छ । यो ठूलो पितृकार्य भएकोले अनगिन्ती सामग्रीहरू चाहिन्छ । तीमध्ये मुख्य रूपमा एउटा राँगा, एउटा माउ सुँगुर, एउटा पाठो सुँगुर र केही जोर कुखुरा सेबी (बलि)को लागि चाहिन्छ । यसैगरी नौ घैला ची (जिर्मा) र जाँड, सुम्दी (झ्याम्टा), सुरिम (आँगनमा गाडिने सालको मुड्को), धनुकाण, नाक्सोको पगरी, नाक्सोको पिर्का, नाक्सोको खुँडा, ठाँटी, रक्सी, चामल आदि उल्लेखनीय छन् । "खाउमा गर्दा चाहिने सामग्री– कम्तीमा २५ पाथी कोदो, ५५ पाथीभन्दा बढी मकै, १० पाथी जति चामल । यसैगरी एउटा राँगा, एउटा सुँगुर (ज्याँली), एउटा सानो बुचो (सुँगुरको पाठो), एक जोडी भाले र पोथी कुखुर आदि" (राई-म, पृ. १२) । "पूजा सामग्रीहरू राँगो-१, सुँगुर-१, सुँगुरको पाठो-१ र कुखुरा । नौ प्रकारको ची (जिर्मा) र जाँड । च्याँख्ला वा चामलको भात, सालको मुड्को, धनुकाण आदि" (राई-लो, पृ. ६०)। "घरभित्र पुजिने पितृ (सामा)हरूको पूजा (सामा-पाचाम) गर्दा चाहिने सर्दाम (सामग्री) हरू नाङ्लो र पाथीमा भात, कुखुरा, खारेवा (ठाँटी), काँसको भाँडो/बटुको, बटुकोमा ची, स्याल्मो सेउली, बाँसको कास्य, सिद्रा माछा आदि हुन् । ...घर बाहिर आँगनमा सुरिम-सिङ, खासी-सिङ र स्याल्मो गाडिन्छ । त्यसमा राँगा, सुँगुर, कुखुरा बाँधिन्छ ।...यी सामग्रीहरू तयार भएपछि घरभित्र पितृ पुज्ने

कार्य नाक्सो र ङाबुचोबाट मुन्धुम फलाक्दै हुन्छ। भित्रको पहिलो चरण पूजा सकिएपछि सुरिम-नाक्सो आँगनमा निस्केर कुखुराको बलि चढाउँदै नयाँ सुरिमको पूजा गर्दछ" (राई-मे, पृ. १६)।

खाउमाका लागि आवश्यक मुख्य सामग्रीहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गर्न सकिन्छ-

| *क्र.सं* | *सामग्री* | *प्रयोजन* | *परिमाण* |
|---|---|---|---|
| ०१. | रागा | धनुकाणले हानेर बलि दिन | १ वटा |
| ०२. | माउ सुगुर | धनुकाणले हानेर बलि दिन | १ वटा |
| ०३. | सुगुरको पाठो | धनुकाणले हानेर बलि दिन | १ वटा |
| ०४. | कुखुरा | सहायक देवताहरू पुज्न | ४/५ वटा |
| ०५. | चामल | भोज र रीतको लागि | १० पाथी |
| ०६. | कोदो | जिर्मा बनाउन | २५ पाथी |
| ०७. | मकै | जाड बनाउन | ३ मुरी |
| ०८. | ची (जिर्मा) | खाउमामा अनिवार्य | ९ घैला |
| ०९. | सालको मुढा | सुरिम (आगनमा स्तम्भ बनाई राखिन्छ) | करिब ४ फिट लाम्चो |
| १०. | खुँडा, पगरी, पिर्का, ठाटी | नाक्सोको सर्दाम/थपना | |
| ११. | ठाटी | रीतको जिर्मा, रक्सी राख्न | |
| १२. | सेउली | आगनमा मुन्धुम फलक्दा चाहिने | |
| १३. | झ्याम्टा/सुम्दी | खाउमामा झ्याम्टा बजाएर नाचिन्छ | दुई जोर |
| १४. | खासी सिङ/सालको हागा | आगनमा गाड्न | एक दर्जन |
| १५ . | धनुकाण | सेबी याक्चा (बलि चढाउन) | एक वटा |
| १६. | विविध | नाङ्लो, कासको बटुका आदि | |

## खाउमाको प्रक्रिया

विस्तृत रूपमा खाउमाको रीत एवं प्रक्रिया लिपिबद्ध गर्न सजिलो छैन। यहाँ तीन-दिने खाउमाको हरेक दिनको प्रक्रियालाई संक्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ -

**पहिलो दिन -** पहिलो दिनलाई 'थाल्नी' भनिन्छ। यस दिन नाक्सो, ङाबुचो, ङ्वाप्सी (दाजु-भाइ), मोही (सामा भेष मान्ने छरछिमेकी), कुल-कुटुम्ब (दानी) हरू भेला हुने काम हुन्छ। कुल देवतामा चढाइने समानको बाँडफाँड गर्ने काम गरिन्छ। विशेष चोखो पूजा गरिन्छ। चिख्रेम (९ घैला जिर्मा) निकाल्ने काम हुन्छ। घर बाहिर पेटी वा कुलेसो छेउतिर बाँसको सानो टाँट तथा बेञ्च जस्तो बनाई ती घैंलाहरू राखिन्छ। यस कामको लागि दुई जना (दाजु-भाइ/ङ्वाप्सी र दानी पक्षबाट मिलाएर) चीच्वा (ची भान्से) राखिन्छ। नाक्सोले वाबुमो सेरा (चामल) डुब्लो (आँगन)मा छरेपछि आँगन सम्म्याउने काम गरिन्छ। ङाबुचो र सुरिम्चो (सुरिमको पूजा गर्ने पूजारी) ले सुरिमको लागि सालको मुढो र खासी-सिङ (सालको हाँगा) खोज्न जाने काम गरिन्छ। सुम्दी/मानिमो (झ्याम्टा) खोजेर तयार पारिन्छ।

कुयामो-खाउमा हो भने यसै दिन चौतारो (ठाँटी फलैँचा) बनाइन्छ। बेलुकी/साँझ परेपछि नाक्सोले पितृहरूलाई 'ग्लेस्दै' (सुत है)' भनेर पकाइएको चामल र केराको परिकार बाँडी खाएपछि चासुवा (मुख्य रीत/दान), चाटुम (सहायक रीत/दान) लैजाने जाउमा र ख्लिउमा (चेली-बेटी/कुटुम्ब) ले सोलीमा रक्सी, ची (जिर्मा), कोदोको जाँड (खिचुल ङासी), ब्लो-लिखी (धनुकाण), स्याल्मो (पितृ बुझाउने एक किसिमको रुखको पात) आदि बोकी खाउमा-घरभित्र भित्रिन्छन्। यसपछि खाउमा गर्ने परिवार र मूलदानी दुवै पक्षका नाक्सो, ङाबुचो मिली मुन्धुम फलाक्दै पितृ बुझाउने कार्यको थालनी गरिन्छ। पाहुना अर्थात् दानीहरूको मुख्य कोसेली बाहेकका कोसेली बुझ्ने-बुझाउने काम हुन्छ। पाहुनालाई बिना मासु (सादा दालभात) भोजन गराई बास राख्ने व्यवस्था गरिन्छ।

**दोस्रो दिन -** दोस्रो दिनलाई 'सामा दिन' भनिन्छ। दाजु-भाइ, नाताकुटुम्ब, मोही आदि सम्बन्धित सबै भेला हुने काम हुन्छ। दाजुभाइले सघौ/अलोपालो सहयोग (जाँड, चामल/सामल र नगद सहयोग) लिई भेला हुन्छन्। यो परस्परमा चलिरहने रीत हो। खाउमा गर्दा वंशीय दाजु-भाइबीच मात्र नभइ कुटुम्बबीच समेत जिम्मेवारीको बाँडफाँड गरिएको हुन्छ। कसैले चौतारो बनाउने, कसैले सुरिम र खासी सिङ (काठ) ल्याउने, कसैले मुढा ल्याउने, कसैले पात ल्याउने, कसैल आँगनमा सुरिम र खासीहरू गाड्ने। कसैले त्यसमा राँगा, सुँगुर, कुखुरा बाँध्ने, कसैले पूजाका अन्य सामग्रीहरू जुटाउने आदि कामहरू गरिन्छ। यी तयारी सकिएपछि नाक्सो, ङाबुचो र सुरिम्चोले घरभित्र 'सोचाम' (पितृ बुझाउन मुन्धुम फलाक्ने काम) प्रारंभ हुन्छ। यस क्रममा घरभित्रबाट आँगनमा सुरिम्चो-नाक्सो (सुरिम पूजारी) आई "थेबिदे...थेबिदै..." भन्दै पूजा गर्छन्। यसपछि बलिको लागि बाँधिएका राँगा, सुँगुर र कुखुरालाई सबै नाक्सोहरूले जाँड, चामल, कालो मास आदिले छर्किन्छन्। मृतात्मालाई नभड्किइकन पितृमा समावेश हुनलाई सम्झाइँदै मुन्धुम फलाक्न थालिन्छ। मृतात्माको खुसीको लागि आँगनमा सुरिमको वरिपरि सुम्दी/झ्याम्टा बजाउँदै नाच्न थालिन्छ। झ्याम्टा 'झ्वायुम मोयुम.... झ्वाम झ्वाम ....' बजाउँदै नृत्यको अगुवाइ गर्ने 'सिलिचो' र 'मासिमे' को पछिपछि मुख्यगरी दानीतर्फका सहभागीहरू नाच्न थाल्दछन्।



**तस्बिर २ :** खाउमामा सुम्दी-सिली नाच्दै।

आँगनमा सिली हेर्ने रमितेहरूको भिड लाग्छ । मुन्धुम फलाक्ने काम सकिएपछि बाँधिएका सुँगुर र राँगालाई पालैपालो धनुकाणले हान्ने काम गरिन्छ । यसलाई 'सेबी याक्चाम' अथवा 'ओब्ला पाचाम' भनिन्छ । ओब्ला गर्ने मान्छेलाई 'ओब्लाचो' भनिन्छ । यो काम मूलदानीका तर्फबाट गरिन्छ । निकै आँटिला, बलिया र अनुभवी निसानावाजले यो कार्य गर्दछ । यो रीत सकिएपछि मूलदानीतर्फका आफन्तहरूले ती शिकारलाई पोल्ने, सफा गर्ने काम गर्दछन् । त्यसलाई काटकुट पार्ने काम रीत छुट्टाई छुट्टाई गर्नु पर्दछ । शिकारका अङ्ग-प्रत्यङ्ग रीतमा जान्छ । जस्तो- पितृ र देवतालाई चढाउने रीत, मूलदानीको रीत, हाँगादानीको रीत, नाक्सोको रीत, डाबुचोको रीत, कजेरीको रीत, ओब्लाचोको रीत, सुम्दीचोको रीत, दर्जीको रीत आदि । रीतको अर्थ भाग अर्थात् बिलो हो । यी सबै रीत छुट्याइसकेपछि बचेको अंश मात्र भोजको लागि पकाइन्छ । यस प्रकारको काम घरबाहिर भइरहेको बेला घरभित्र पनि मुन्धुम रीतका कामहरू निरन्तर भइरहेको हुन्छ ।



**तस्बिर ३** : धनुकाण चलाएर राँगा र सुँगुरको बलि दिइँदै ।

कुयामो-खाउमा हो भने दुःख बार्नेहरूलाई चोख्याउने रीत सम्पन्न गरेपछि भोज चलाइन्छ । यसै दिन स्वाम्दीखाडु (मुन्धुम गाउने काम) सकिएपछि पाहुनाहरूको भाँडामा कोसेली (रीत अनुसारको मासु, जिर्मा, चामल आदि) भरिदिने र ती भाँडाहरू सबै पाहुनाले देख्ने र भेट्ने स्थान (घरको पिँढी) मा राखिदिने काम गरिन्छ । पाहुनाहरूले बेलुकीपखतिर आआफ्नो भाँडा जिम्मा लिन्छन् । यसपछि खाउमाको मुख्य विधि सकिन्छ । मरौ परेर अशुद्ध मानिएको भए अब घर-परिवार शुद्ध भएको मानिन्छ । आँगनमा झ्याम्टा बजाएर घरिघरि नाच्ने, दर्जीले सनाही बजाउने, बाउ-माइतीको सम्झनामा लौलौ र सालमाया गी गाएर मनको बह पोख्दै खातिरदारी रवस् गर्ने काम हुन्छ । मूलदानीका साथ पाहुनाहरू 'सह' भित्र्याउन झ्याम्टा बजाएर नाच्दै बाहिर आँगनदेखि घरभित्र पस्दछन् । यसलाई 'जी-हाम्चाम' भनिन्छ । त्यसबेला अँगेनामा खुर्सानी, कुम्बीर (अँगेनामाथि जमेर बसेका कालो मोसोको जालो र पाप्रा) बालेर नाच्ने र कोसेली बोक्ने पाहुनाहरूलाई ज्याल-सिँगानसरी बनाई ठट्यौली गर्ने चलन पनि रहेको छ । यस रातभरि गाउँदै, खाँदै-पिउँदै जाग्राम बसिन्छ, जसलाई 'जी-ग्लुम्चाम' भनिन्छ ।

**तेस्रो दिन -** यस दिनलाई 'साङ्गे' पनि भनिन्छ । यस दिन पाहुना बिदा हुन्छ । बिदाइको ढोगभेट हुन्छ । चेलीबेटीलाई दान-दक्षिणा दिइन्छ । उनीहरूले ल्याएका कोसेली भाँडामा खाउमाको कोसेली भरिदिई अघिल्लो दिनै जिम्मा लाउने काम भइसकेको हुन्छ । कुयामो खाउमा हो भने मूलदानीलाई गौदान समेत दिइन्छ । यस अतिरिक्त मृतकको सम्झनामा गरिएका दानहरू जस्तै– ओढ्ने ओछ्याउने, लुगाफाटा, भाँडावर्तन, खानपान

आदि दान गरिन्छ । नाक्सो, ङाबुचो, कजेरी (काममा खटिएका कन्या चेलीहरू) लाई पनि रीतपूर्वक बिदाइ गरिन्छ । कजेरीहरू यी ६/७ जना हुन्छन्, उनीहरूलाई जनही चामल, मासु र ची सारी (रीत) स्वरूप दिइन्छ । खाउमा-सिली नाच्ने मासिमे (महिला नृत्यकार) लाई मासु र हुरिया जाँड कोसेली दिएर बिदा गरिन्छ । झ्याम्टाको समेत रीत हुन्छ । जसको झ्याम्टा हो, उसलाई एक ठहर सिबेजाँड, मासु र दुवै झ्याम्टामा चामल भरी सुम्दी-रीत प्रदान गरिन्छ । नाक्सोको सिर-उभौनी एक चिन्डो ची र एक पाथी चामलको रीत दिइन्छ । उहाँलाई ससम्मान घरसम्म पुऱ्याउने काम गरिन्छ ।

### खाउमाको मुख्य विशेषताहरू

खाउमाको उपर्युक्त चर्चापछि यसको मुख्य विशेषताहरूलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ -

**शिकारी युगको झलक** : खाउमा गर्दा राँगा, सुँगुर आदि चौपायाहरू धनुकाण चलाएर बध गरिन्छ । यसले आदिम शिकारी युगको झलक दिन्छ । खाउमा वास्तवमा त्यही सभ्यताको अवशेषजस्तो भएको देखिन्छ ।

**मुन्धुम अनुरूप प्रक्रिया** : कतिपय संस्कारहरू सामान्य विधि पूरा गरेर गर्न पनि सकिन्छ तर खाउमा भने पूर्णतः मुन्धुम विधि अनुरूप सम्पन्न गर्नुपर्ने हुन्छ । मुन्धुम फलाक्नको लागि नाक्सो, ङाबुचो लगायतका कुलगुरु र सह-कुलगुरुहरू आवश्यक हुन्छ ।

**समय बढी लाग्ने रीत** : खाउमा सम्पन्न गर्न पूर्व तयारीका समय बाहेक पनि तीन दिन समय लाग्दछ । अन्य रीत यति लामो छैनन् ।

**बढी खर्चिलो** : राँगा, सुँगुर, कुखुरा, अन्न, जाँड, जिर्मा, रक्सी, दान-दक्षिणा, भोजभतेर आदि सबै हिसाब गर्दा यो पितृकार्य बढी नै खर्चिलो रहेको पाइन्छ । यस कारणले गर्दा पनि यो संस्कार धान्न मुस्किल परेको हो ।

**झ्याम्टा बजाएर नाचिने** : वाम्बुले राईहरू यही खाउमा पितृकार्य सम्पन्न गर्ने बेलामा मात्र झ्याम्टा बजाएर नाचिन्छ । अरू बेला झ्याम्टा चोखोनितो साथ अलग स्थानमा सुरक्षित राखिन्छ । झ्याम्टालाई 'सुम्दी'/ 'मानिमो' भनिन्छ । खाउमामा सुम्दी बजाएर विधिपूर्वक नाचिन्छ । यसको अगुवाइ गर्ने पुरुष नर्तकलाई 'सुम्दीचो' र महिला नर्तकीलाई 'मासिमे' भनिन्छ । नाचलाई वाम्बुले भाषामा 'सिली' भनिन्छ । खाउमामा झ्याम्टा बजाएर नाचिने भएकोले यो नाचलाई 'सुम्दी-सिली'/'खाउमा सिली'/'मानिमो सिली' भनिन्छ । यो सिलीका किसिमहरू फूरी सिली, हाँस सिली, बट्टेउनी सिली, सायाटोल्चाम सिली आदि रहेका छन् । यसैगरी ब्रेइस्वाम, बेसारा, एङ्गाजाल, मकै ≈वार्चाम, द्यारी चाल्चाम, बुयुङ्गा, साकुमो, जारोम, व्आथोङ्ख्ली, सिफेकताफेक, चोचोवा, बाल्चीमोली आदि विभिन्न चालहरू रहेका छन् ।

**सुरिम** : खाउमा गर्दा आँगनमा सालको रुखको काठ (काँचो सखुवा)को केही कलात्मक मुड्को (स्तम्भ) गाडेर स्थापना गरिन्छ, त्यसलाई सुरिम भनिन्छ । यो पनि वाम्बुले राईहरूको एक मौलिक पहिचान हो । जुन घर-आँगनमा 'सुरिम' हुन्छ, त्यो घर वाम्बुले राईको हो भनेर चिन्न सकिन्छ । यस्तो सुरिम खाउमा गर्दा मात्र स्थापना गरिन्छ । घरको मूली मरेपछि गरिने कुयामो खाउमामा पुरानोलाई रीतपूर्वक बिसर्जन गरी नयाँ स्थापना गरिन्छ । जस्तो कि घरमूली हजुरबुबाको पालाका सुरिमहरू उहाँको देहान्तपछि उहाँको नाममा गरिने कुयामो

खाउमामा सबै फेरिन्छन् र बुबा (उहाँको जेठोपाको छोरा नयाँ घरमूली) को नामबाट नयाँ सुरिम स्थापना गर्न थालिन्छ । यस प्रक्रियालाई पुस्ता ढलेको मानिन्छ । पुरानो पुस्ता (घरमूली) ढलेसँगै पुरानो सुरिम पनि ढल्छ र नयाँ पुस्ता (नयाँ घरमूली) सँगै आँगनमा नयाँ सुरिम स्थापना गरिन्छ । उसले आफ्नो जीवनमा जति पल्ट खाउमा गर्न भ्याएका हुन्छ, त्यति नै वटा सुरिम आँगनमा थपिएको हुन्छ ।

**ची (जिर्मा) को प्रयोग** : खाउमा गर्नलाई अनिवार्य चाहिने पेय पदार्थ हो– 'ची' अर्थात् जिर्मा । वाम्बुले रीतभात सम्पन्न गर्ने क्रममा विवाहमा रक्सी र खाउमामा ची (जिर्मा) अनिवार्य मानिन्छ । 'ची' (जिर्मा) भनेको कोदोलाई नपिँधी डल्लै पकाएर मर्चा हालेर लिफु (माटोको ठूलो घ्याम्पो) मा ५/६ महिना वा वर्ष दिन राखी बनाइएको तोङ्बा वा निगारजस्तो मादक पदार्थ हो । यो जति छिपिन्छ उत्ति सुन्तले रङ्गको देखिनुको साथै गुलियो र स्वादिलो हुन्छ । खाँदा जिब्रो पररर... पार्दै गहिरो गरी विस्तारै रन्को छुटाउँछ । विशेषगरी खाउमा, बिहे आदि रीत सम्पन्न गर्ने बेलामा यसको प्रयोग गरिन्छ । खाउमा गर्ने टुङ्गो भएपछि त्यसको कम्तीमा ३ महिना पहिलेदेखि ची विधिवत् रूपमा पकाएर राख्न थालिन्छ । खाउमाको लागि ची बनाउँदा अत्यन्त चोखोनितो गरी कोदो पकाई मर्चा हालेर लिफुमा राखिन्छ । त्यसपछि हावा नपस्ने गरी लिफु बन्द गरिन्छ । यसलाई कुलबाहेकका अन्य मानिसले छुन हुँदैन । त्यसैले भँडारकुनामा राखिन्छ । लिफुको पिँध अडाउन बाबियो वा भोर्लाको लोक्ताबाट गोलाकार पिर्का (रिङ्ग) बुनिएको हुन्छ, जसलाई 'बुयुङ्गा' भनिन्छ । जिर्मा राखिने लिफुको पिँधमा सानो गोलो प्वाल पारिएको हुन्छ । त्यसलाई भोर्लाको पातको बेरुवा-ठेडी (किरुम) ले बन्द गरिएको हुन्छ । लिफुभित्रतिरबाट त्यस प्वालमाथि चोया र बाबियोले बुनिएको जालीदार छपनी 'ग्राक्सोम' (फिल्टर) राखिएको हुन्छ । लिफुको मुखमा भोर्लाको पातको कसिलो बुचो (बुक्ठेम) लगाई हावा नछिर्ने (एअरफ्रुफ) बनाउन माटो र खरानीको बाक्लो लेपन लगाइन्छ । जिर्माका लिफुहरू जमिनको सतहदेखि २ फिट उचाइको बाँसको तख्तीहरू बनाई राखिएको हुन्छ । त्यसलाई 'चिखेम' भनिन्छ । जिर्मा सार्दा अर्थात् निकाल्दा बाहिरबाट ठेडी (किरुम) थुतिन्छ । खाउमा गर्दा नौ घैँला ची चाहिन्छ । यो पनि वाम्बुले समुदायको पाछा र क्षेत्र अनुसार फरकफरक सङ्ख्या रहेको पाइन्छ । जस्तो- कतै सामा-ची, डुब्लो-ची, ग्लेस्दै-ची, बुस्दै-ची, तोस्दै-ची, स्वान्ढोम-ची, घालाम-ची, सिबे-डासी गरी सात लिफु (घैँला) प्रयोग हुने देखिन्छ भने कतै "डुब्लो-ची, सिबे-ची, सामा-ची, सित्ली-ची, दानी/स्वान्ढ्वाम-ची, सुरिम-ची, बुलू-ची, माढाम-ची, र रूमी-ची" गरी नौ लिफु लिफु प्रयोग हुने देखिन्छ । चिखेममा नौ घैँला राखिने भए पनि त्यसमध्ये सिबे र बुलुचाहिँ ची नभएर खिचुलडासी (हुरिया जाँड) भएको देखिन्छ ।

**चेली-बेटीको अनिवार्यता** : चेली-बेटीका अनिवार्यता खाउमाको महत्त्वपूर्ण विशेषता हो । खाउमा गर्नु भनेको घरपरिवारको शुद्धता वा सुख-शान्तिको लागि हो । खाउमा मार्फत् माइतीघरको कालोमैलो पखाल्ने, ग्रहदशालाई धकेलिदिने काम चेलीबेटीले गर्दछन् । उनीहरूले नै खाउमाको अधिकांश रीत सम्पन्न गर्नुपर्ने हुन्छ । जस्तो- चौतारो बनाउने, सुरिम गाड्ने, झ्याम्टा बजाएर नाच्ने, धनुकाण चलाएर बलि चढाउने, कुयामो हो भने कुयापुत्रीहरूलाई चोख्याउने लगायतका रीतहरू यस अन्तर्गत पर्दछन् । चेली-बेटीलाई 'दानी' भनिन्छ । दानी पनि दुई किसिमका हुन्छन्- (क) मूलदानी र (ख) हाँगादानी । मुन्धुमी बोलीमा मूललाई 'जाउमा' (दिदी) र सहायक दानीलाई 'ख्लिउमा' (बहिनी) भनिन्छ । कुनै पनि घरपरिवारको केही पुस्तासम्म एक निश्चित मूलदानी कायम रहेको हुन्छ । यसै मूलदानीको सक्रियतामा खाउमा सम्पन्न हुन्छ । ग्रहदशा शान्तिका लागि वा मृतकको नाममा गरिने सबै किसिमका दानद्रव्य मूलदानीलाई प्रदान गरिन्छ ।

**मूल सांस्कृतिक विधि** : वाम्बुले संस्कृतिमध्ये 'खाउमा' सबैभन्दा पुरानो परम्परा अन्तर्गत पर्दछ । यसलाई वाम्बुले राई समुदायको मूल संस्कृति मानिन्छ । यस पुरानो संस्कृतिलाई 'सामा-भेष/संस्कार' भनिन्छ । खाउमा गर्नुलाई 'सामा पाचाम' भनिन्छ । त्यसैले खाउमालाई पनि सामा भनिन्छ । खाउमा गरिने भएकोले नै वाम्बुले मूल संस्कारलाई 'सामा-भेष' भनिएको हो । यो बाहेक अन्य भेष तथा संस्कार मान्ने वाम्बुले समुदायले खाउमा गर्दैनन् ।

## हिलेपानी गाउँमा खाउमाको अवलोकन

हिलेपानी गाउँ परिचय अघिल्लो सन्दर्भहरूमा चर्चा गरिसकिएको छ । यहाँ भने यस गाउँमा 'खाउमा' को अवस्थाको सम्बन्धमा सरसर्ती चर्चा गरिने छ । यस गाउँमा वि.सं. २०७८ सालमा जम्मा ४ वटा खाउमा सम्पन्न भयो । साविक वडा नं. ८ ग्रोक्तालमा श्री काशीराम राईको घरमा 'कुयामो-खाउमा', साविक वडा नं. ७ हिलेपानी श्री मलमकुमार राईको घरमा 'छियामो खाउमा', ऐ. श्री चेतन राईको घरमा 'कुयामो-खाउमा' र वडा नं. ६ श्री मंगलदर्शन राईको घरमा 'फूरी-खाउमा' सम्पन्न भयो ।

यस गाउँमा नातेदारी र सामाजिक-सांस्कृतिक अन्तर्सम्बन्ध प्रगाढ रहेकोले खाउमा लगायतका कुनै पनि संस्कार-संस्कृति तथा समारोह सम्पन्न गरिँदा आपसमा साथ-सहयोग प्रदान गर्ने र निम्तो मान्ने चलन छ । यो पङ्क्तिकार खाउमाको अध्ययनको क्रममा श्री रस्त मान राईको घरमा मिति २०७१ फागुन २१, २२ र २३ गते सम्पन्न 'फूरी खाउमा' को अवलोकन गर्न समेत पुगेको थियो । यस खाउमाको मूलदानी दाइ लंकबहादुर राई थिए । दोस्रो दिन अर्थात् मुख्य सामा-दिन मूलदानीले गर्नुपर्ने एक मुख्य भूमिका 'सेबी-याक्चाच' अर्थात् आँगनको सुरिममा बाँधिएका राँगा र सुँगरलाई धनुकाणले हानेर बलि चढाउनु हो । त्यसरी धनुकाण चलाउने व्यक्तिलाई 'ओब्लाचो' भनिन्छ । यस्तो ओब्लाचो आँटिलो, बलियो र अनुभवी निसानावाज हुन आवश्यक हुन्छ, जुन तन्नेरी पुस्ताले गर्ने काम हो । किनभने सेबी (बलिको चौपाया)हरूलाई तीरले हानेर नै तिनको प्राणवायु छुटाइदिनु पर्ने हुन्छ । तर, त्यहाँ दानीले ओब्लाचो नै नपाएको अवस्था रहेछ । सेबी याक्चाम बेला भयो तर ओब्लाचो कोही भएनन् । कोही नभएपछि रीतमा मुन्धुम फलाकिरहेका करिब ७५ वर्षीय डाबुचो श्री बागधन राई (बाजे) उभिएर धनुमा ताँद हाले । जोडले जोस निकाल्दै राँगाको कोखा (मुटु सिधा) ताकेर तीर छाडे । त्यो तीर राँगाको बायाँ घुँडामा गएर रोपियो । अर्को पटक हानेको तीर भूँडीतिर गयो । एकातिर ती बयोवृद्ध बाजेको धमिलो आँखाले निसाना ठम्म्याउन नसकेको र अर्कोतिर बल नपुगेर तीर बत्तिएको स्थिति प्रष्ट देखिन्थ्यो । तैपनि धनु चलाउने त्यहाँ कसैको पनि हिम्मत थिएन । सायद रीतले दिँदैनथ्यो पनि । त्यसपछि दानी तर्फकै श्री अडम बहादुर राई (दाइ)ले बन्चरो खोजेर राँगाको पिन्याम/बिच्छी (टुपीनिर टाउकोको भाग) मा बजारे । राँगो पुर्लुक्क ढल्यो । अर्को सेबी माउ-सुँगुर भने बाजेले नै तह लगाए । खैलाबैला भयो 'किन राम्रो ओब्लाचो नखोजेको' भनेर । लंका दाइका छोरा भतिजो कृष्णधनले कारण बताए, "महिना दिन पहिले पल्लो टोल (साविक वडा नं.६) को एक जना युवा भाइ (नाम गोप्य) लाई भनेको थिएँ । 'हुन्छ' भने'थ्यो अनि म त ढुक्क भएर बसेँ । हिजो निधो गर्दा ऊ काठमाडौँमा रहेछ । मैले 'ओब्ला पानुम ?' (धनुकाण चलाउने काम गर्छौ हैन ?) भनेर सोधेको, उसले त 'एप्लाइ पानुम् ?' (एप्लाइ गऱ्यौ ?) भन्ने पो सुनेछन् । वैदेशिक रोजगारीको लागि मलेसिया जानलाई 'भिसा एप्लाइ' गरेका रहेछन् । त्यही कुरा सोध्यो भन्ने बुझेर 'हो' भनेका रहेछन् । उनले धोका दिएपछि अर्को खोज्नै भ्याइएन । गाउँमा ओब्लाचो पाउन मुस्किल रहेछ ।" यस घटनाबाट यो गाउँमा ओब्लाचोको अभाव खट्किन थालेको

जानकारी मिल्यो । त्यसैगरी मूलदानीको अर्को महत्त्वपूर्ण भूमिका भनेको 'सुम्दी-सिली'/'मानिमो सिली'/'खाउमा सिली' नाच्नु पनि हो । यो पक्ष पनि उक्त खाउमामा उत्तिकै रूपमा खट्किएको थियो । किनभने यस मूलदानी होम-भेषका अनुयायी हुन् ।

मिति २०७८ माघ १७, १८ र १९ गते श्री काशीराम राईको घरमा कुयामो-खाउमा सम्पन्न भएको थियो । यहाँ भने सुम्दी-सिली नाच्नको लागि छिमेकी गाउँ उदैपुरबाट वडा नं. ५ का वडाध्यक्ष श्री रामकुमार राईको अगुवाइमा जिम्मुवाल खालका ५/६ जना सिलिचो (नर्तक)हरू निम्ताइएको थियो । खाउमाको पहिलो दिन सुरिम्चो (सुरिमका लागि काठ काट्न जाने व्यक्तिहरू) ले सुरिमको लागि रीतपूर्वक साल/सखुवाको मुड्को जङ्गलमा लिन जानुपर्ने रहेछ । घर सामुन्ने गाउँभरिकै घाँस-गोठ गरिने बनपाखा छ । यस पहाडलाई 'थुम्का' भनिन्छ। तर यस थुम्कामा सुरिम बनाउन लायक सालको बोट रहेन छ। सुरिम्चोद्वय कितबहादुर राई र जबरधन राई अन्यत्र जानु पर्‍यो । त्यसैगरी खाउमामा सल्लाको मुढो लिनजानु पर्ने चलन रहेछ । यो पनि थुम्कामा नपाएर पानीमा रुझ्दै निकै माथिको 'उर्खा' भन्ने पाखातिरबाट गएर ठिटाहरूले ट्र्याक्टरमा लोड गरेर ल्याएका थिए । अनि दुनो, टपरी गाँस्न भोर्लाको पात पनि चाहिने रहेछ । बनपाखामा भोर्ला हराएकोले नाम मात्रको पात खोजिएछ । बरु भोर्लाको पातको टपरीको साटो गाउँघरमा कागज वा प्लास्टिकको प्लेट स्थान लिएको रहेछ । जाँड-रक्सीको अतिरिक्त बियर र कोल्डड्रिंक्सको चलन बढ्दो रहेछ । पहिलापहिला पाहुनाले मटिया, घैटो आदिमा कोसेली भरी थुन्सेमा बोक्थे तर अहिले प्लास्टिकको ग्यालिन र बोतलमा भरेर जेब्राझोलामा राखी मोटरसाइकलमा ओसार्ने सुविधा विकास भएको रहेछ । यस्तो खाउमा लगायतका रीतभातमा सालमाया, लौ लौ गाएर बिलौना गर्ने चलन थियो तर अहिले डेक बजाएर उत्पात नाचिने रहेछ । यी परिदृष्यहरू सांस्कृतिक परिवर्तनका केही उदाहरणहरू हुन् ।

नयाँ पुस्ता यस किसिमका नौलो काममा अग्रसर भइरहेको देखिए तापनि परम्परा धान्नलाई मुन्धुम जान्ने काम गर्न भने पटक्कै नभ्याइरहेको अवस्था देखिन्छ । अवलोकन गरिएका सबै पितृकार्यमा उही डाबुचो (मुन्धुम फलाक्ने सह-कुलगुरु) हरू सोक्मटारका श्री बाघधन राई (७८ वर्ष), बिसौनाको श्री प्रसमान राई (७७ वर्ष) र सोक्मटारकै श्री बलाराम राई (७० वर्ष) हुनुहुन्थ्यो । नयाँ पुस्तामा एक जना श्री सपसिं राई (५२ वर्ष) ले मात्र मेसो पहिल्याउन खोजिरहेको देखियो । अग्रज पुस्ताका मुन्धुमीहरू अब राम्ररी कान नसुन्ने, कहर काट्न नसक्ने, रीत केलाउन नसक्ने अवस्थामा पुगेका देखिए । यो गाउँमा मुख्य मुन्धुमी कुलगुरु 'नाक्सो' नभएको प्रसङ्ग पनि उल्लेख भइसकेको छ । नाक्सोचाचो र नाक्सोपाटाका वाम्बुले राई वंशभित्र समेत नाक्सो पाइएन । यहाँ नाक्सो मात्र होइन उसको 'थपना'को लागि चाहिने आसन (पिर्का) र खुँडा समेत भेट्न मुस्किल रहेछ ।

## हिलेपानी गाउँमा सांस्कृतिक परिवर्तनको स्वरूप

हिलेपानी गाउँ वाम्बुले राईको सघन बसोबास रहेको गाउँ हो । वाम्बुले राईहरूको मौलिक संस्कृति भनेको मुन्धुम संस्कृति नै हो, जुन परापूर्वकालदेखि मानिँदै आइएको छ। त्यसलाई 'सामा-भेष/संस्कार' भनिन्छ। यही भेष अन्तर्गत खाउमा पितृकार्य गरिन्छ । तर, यो गाउँमा यस पुरानो भेष छाडी अरू नयाँनयाँ भेष मान्नेहरूको बाहुल्यता पाइन्छ। यसरी धर्म, संस्कार-संस्कृति परिवर्तन हुँदैजाँदा खाउमा लगायतका परम्परागत्

मौलिक वाम्बुले संस्कृति/रीतिथिति पनि यस गाउँबाट हराउने निश्चित छ । परिवर्तन हुँदैजाने क्रममा हाल हिलेपानी गाउँमा मानिने धर्म, संस्कार-संस्कृतिको समग्र स्वरूप यस्तो देखिन्छ–

**(क) सामा-भेष** : परम्परागत् रूपमा मुन्धुम दर्शन र विधिविधान अनुरूप परापूर्वकालदेखि मानिँदैआएको मौलिक संस्कार-संस्कृति नै 'सामा-भेष' हो । यसलाई 'सामा-पाचाम संस्कार', 'जगत्-भेष', 'पुरानो-भेष', 'खाउमा-भेष' आदि भनिन्छ । भूमे, सिमे, भीमसेन, शिकारी, पारू, देउराली आदि दर्जनौं 'सामा' (देवीदेवता) लाई घरभित्र (कुनाकानी) र घरबाहिर (खेत, बारीका कान्ला आदि) तिर थान बनाई चाडपर्वहरू र विभिन्न तिथिमितिहरूमा बलि दिई पूजा तथा धूप-धवाँर गरिने भएकोले यसलाई 'सामा-भेष' भनिएको हो । 'सामा' भन्नाले 'देवता' भन्ने बुझिन्छ । यस अतिरिक्त पितृ, देवी, देउराली, भूमेथान, पितृकार्य आदि समेतलाई जनाउँदछ । फेली, न्वागी, खाउमा आदि पितृकार्यलाई पनि सामा भनिन्छ । यसरी विभिन्न पितृकायहरू गरिने भएकोले पनि यसलाई 'सामा-भेष' भनिएको हो । खाउमा गर्दा झ्याम्टा बजाएर नाचिन्छ । यो संस्कृति मुन्धुम अनुसार सञ्चालित हुन्छ । 'नाक्सो', 'ङाबुचो' जस्ता मुन्धुमी र धामी, झाँक्री जस्ता तान्त्रिक विद्या जान्ने व्यक्ति नै यस संस्कृतिका मियो हुन् । आजभन्दा पचास वर्ष अघिसम्म हिलेपानी गाउँका अधिकांश बासिन्दा यही भेषमा थिए । अहिले भने यो भेष मान्ने घरपरिवार सङ्ख्या औँलामा गन्न सकिने अवस्थामा आइपुगेको छ । यसमा पशु-बलिको प्रचलन छ । "सामा-पाचाम संस्कार वाम्बुले राईहरूको मौलिक र गरिमायुक्त परम्परागत् संस्कार हो" (राई-अ, पृ. ३)। वाम्बुले राई समुदायको मूल संस्कार संस्कृति यसैलाई मानिन्छ ।

**(ख) साधु-भेष** : यो जोसमनी सम्प्रदाय हो । यसलाई 'सन्त-भेष' पनि भनिन्छ । यो भेषका अनुयायीले 'शिव' लाई मान्दछन् । बिहान र बेलुकी घरभित्र स्थापना गरिएको 'शिवधुनी'मा सरसफाइ गरी, फलफूल र जल चढाई, शङ्ख फुक्दै, बाना (डमरु) र घण्ट बजाउँदै नित्य आराधना गर्दछन् । मुख्य पितृकार्यको रूपमा 'बासन' लगाउँदछन् । कुनै पनि पितृकार्यका लागि पशु बलि चढाउँदैनन् । मारकाट गर्दैनन् । फलाहारको प्रयोग गर्दछन् । मद्यपान भने गर्दछन् । मुन्धुम गाउँदैनन् । बरु एकातारे र डमरु बजाएर भजन गाउँदछन् । यस अन्तर्गतका सम्पूर्ण कर्मकाण्ड गुरुले निर्देशित गर्दछ । गुरुको जीवन सात्विक र सादगी हुन्छ । सेतो बश्त्र लगाउँदछन् । हातमा त्रिशूल र कमाण्डलु बोक्दछन् । निधारमा भागुत (विभूत/हवन गरिएको खरानीको सेता टिका) लगाउँदछन् । कुनै व्यक्ति गुरु हुने नहुने कुरा उसको कर्म (भाग्य)मा भर पर्दछ । गुरु हुने खालको जोग रहेको व्यक्तिलाई गुरु बनाउने विधिविधान गरिन्छ, जसलाई 'झोली ताक्चाम' (झोला-थाप्ने) भनिन्छ । गुरु भइसकेपछि हातमा कमाण्डलु र सेतो कपडाको एउटा झोला बोक्नु पर्ने भएकोले झोली-थाप्ने भनिएको हो । यो भेष हिलेपानी गाउँमा करिब डेढ/दुई सय वर्ष अगाडिदेखि अवलम्बन गर्न थालिएको अनुमान रहेको छ । साविक थाक्ले गा.स.स. अन्तर्गत वडा नं. ५ र ६ का अधिकांश घर-परिवार यो भेष मान्दछन् ।

**(घ) होम-भेष :** यो वि.सं. २०२७/०२८ सालदेखि अपनाइएको एक नयाँ भेष हो । यस भेषको थालनीपछि घरभित्र कुनाकानीमा थान बनाई राखिएका सामा -देउता)हरू फालियो । फेली, न्वागी, खाउमा आदि पितृकार्य गर्न छाडियो । राम-विष्णु भगवान् मान्न थालियो । घरको धुनी (अँगेना) लाई पितृ तथा देवस्थल बनाइयो । पितृकार्यमा पशु-बलि निषेध गरियो । फलाहारबाट पितृकार्य गर्न थालियो । यस भेषमा अँगेनामा ' होम' लगाइन्छ । होम लगाउँदा जल, फूलपाती, फलफूल, भेटी र केही मुठी धान चढाइन्छ । यसको प्रवर्तन स्थानीय गुरुआमा भालासरी राई (कासीलालकी आमा) बाट भएको थियो । "होम-संस्कार वि.सं. २०२० को

दशकको उत्तरार्द्धबाट भालासरी राई नामकी गुरुआमाबाट सुरु भएको हो । अँगेनामा होम लगाएर यो संस्कार अन्य संस्कारहरूभन्दा तुलनात्मक रूपले सरल मानिन्छ ।



**तस्बिर ४ :** होम-भेषवालाहरू दूधकोसी किनारमा सामूहिक संसारी होम लगाउँदै ।

यस संस्कार गर्दा काटमार गरिन्न र मादक पेय पदार्थ चढाइन्न । सामान्यतया विभिन्न पर्वपातमा एक मुठीदेखि एक मानासम्म धान वा चामल चोखो जल, दीयो, फलफूल तयार गरी अगेनामा होम लगाएर पितृपूजा गरिन्छ" (राई-शु, पृ.१७) । वर्षमा एक पटक भने ठूलो-होम लगाइन्छ । यसको रीत केलाउने, लहविङ्गम (मुन्धुम गाउने) आदि विधिविधान गुरुले गर्दछन् । यस भेषमा पनि सिरमा देउता बसेका 'चोखो देही' भएका व्यक्ति 'गुरु' हुन्छन् । यस्ता व्यक्तिलाई 'दीयो-बाती' दिने विधि पूरा गरेपछि सार्वजनिक रूपले गुरु मानिन्छन् र गुरुको काम गर्ने जिम्मेवारी पाउँदछन् । यसरी नयाँ उत्तराधिकारी गुरुहरू उत्पन्न भइरहने हुँदा यो भेष झनझन फैलिँदो अवस्थामा छ । स्थानीय रूपमा उत्पत्ति भएको भेष भएकोले स्थानीयपन र परम्परागत् पुरानो भेषको सुगन्ध पनि यसमा कायम रहेको पाइन्छ ।

**(ङ) स्वर्गिक् मार्गी धर्म :** करिब डेढ/दुई दशकदेखि यो धर्म आएको देखिन्छ । यसका प्रवर्तक ओमनन्द राई नामक व्यक्ति भएकाले 'ओमनन्द-भेष' पनि भन्ने गरिन्छ । यस धर्ममा पनि पशु-बलि र मद्यपान निषेध छ । कुनै पनि पितृकार्य फलाहारको प्रयोग गरिन्छ । 'निसुइ' नामक कर्मकाण्डीय ग्रन्थ पनि तयार भएको पाइन्छ । यो धर्मले हिलेपानी गाउँमा पनि प्रवेश पाएको छ ।

**(च) क्रिश्चियन धर्म :** यशू क्राइष्टलाई परमेश्वर र बाइबललाई धर्मग्रन्थ मान्ने क्रिश्चियन धर्मालम्बी केही घरपरिवार हिलेपानी गाउँमा पनि रहेका छन् । आफ्नो परम्परागत् धर्म-संस्कृति परिवर्तन गरी यता लाग्नुको कारण परम्परागत् धर्म-संस्कृतिमा अन्धविश्वास र मद्यपानको गुञ्जायस रहनु मान्दछन् । त्यसैले आफ्नो परम्परागत् धर्मलाई तुच्छ ठान्दछन् । आफ्नो सङ्घातीबाहेक अन्यसँगपानी बाराबारको अवस्थामा रहेका छन् । यस धर्मको प्रचार-प्रसार तथा विस्तार गर्ने मिशनरीहरू सक्रिय रहेका कारण यो धर्म मौलाउँदो अवस्थामा छ । अहिले यस गाउँमा समेत दुई/तीन वटा चर्च तथा मण्डली स्थापना भइसकेको छ, जुन कुरा केही दशक अघि कल्पनासम्म पनि गर्न मुस्किल थियो ।

## निष्कर्ष

हिलेपानी गाउँ वाम्बुले समुदायको एक मुख्य रस्तीबस्ती हुँदाहुँदै पनि खाउमा लगायतका परम्परागत् मौलिक संस्कृति यहाँ भुल्दै र त्याग्दै जाने प्रवृत्ति उच्च रहेको देखिन्छ। एक शताब्दी अघिसम्मै यस गाउँमा करिब सबै घरपरिवारले खाउमा गर्ने गरेकोमा हाल मुस्किलले वर्षभरिमा ३/४ वटा मात्र सम्पन्न हुने गरेको पाइयो । आफ्नो परम्परागत् धर्म-संस्कृति त्यागेर अन्य धर्म-संस्कृतिमा लाग्ने प्रवृत्ति र विश्वव्यापी सांस्कृतिक परिवर्तनको प्रभावले गर्दा यसो भएको हो । यो सकारात्मक परिदृष्य होइन । केवल ठूला तथा आधुनिक ठानिएका धर्म-संस्कृतिहरूको अन्धानुकरण गर्दै आफ्नो परम्परागत् मौलिक धर्म-संस्कृति परित्याग गर्दै र भुल्दै जाने विद्यमान प्रवृत्तिले हाम्रो धार्मिक र सांस्कृतिक विविधतायुक्त चिनारी बिलाउने छ। त्यसैले यसो हुन नदिनको लागि अब सचेतनाको विकास गर्नु पर्दछ। खाउमा लगायतका संस्कारहरूलाई सहजै धान्न सकिने अर्थात् न्यून व्ययभारमा सम्पन्न गर्न सकिने गरी छरितो बनाउनु पर्दछ । मद्यपानलाई रीतमा मात्र सीमित पार्नु पर्दछ । अनावश्यक जटिल रीत-प्रक्रियालाई समय सापेक्ष हुनेगरी सरलीकृत गर्नु पर्दछ। यसको सञ्चालन तथा व्यवस्थापनको लागि गुठीको गठन, खाउमा-सिली सिकाउने तालिम, नयाँ पुस्तालाई मुन्धुमको दीक्षा, नाक्सो/ङाबुचोलाई स्थानीय सरकारबाट सहुलियतको व्यवस्था आदि कार्यहरू गर्नु पर्दछ। यी सांस्कृतिक सम्पदाका संरक्षण र विकासबाट समेत पर्यटन प्रबर्द्धनमा बल पुग्दछ। वास्तवमा हिलेपानी गाउँ एउटा दृष्टान्त मात्र हो। सांस्कृतिक परिवर्तनको अवस्था हरेक समाजमा यस्तै रहेको छ।

## सन्दर्भ सामग्रीसूची


किराती, कमल (वि.सं. २०७८), वाम्बुले राईहरूको पितृपूजा खाउमा र चीः को प्रयोग', *लिब्जु-भुम्जु,* वर्ष–८, ८५(१२)।

राई, अविनाथ (वि.सं. २०६०), वाम्बुले राईहरूको परम्परागत् पितृकार्य : केही विवेचना, *लिब्जु-भुम्जु,* वर्ष-११, २४(२), पृ. ३-१२ ।

राई, गणेश वाम्बुले (वि.सं. २०७८), वाम्बुले राई फूरी खाउमा, कुयामो-खाउमा र छियामो, *लिब्जु-भुम्जु,* वर्ष-८, ८८(१५), पृ. ३-६ ।

राई, महाजीत (वि.सं. २०५४), वाम्बुले राईको सामाजिक संस्कार खाउमा', *लिब्जु-भुम्जु,* वर्ष-६, ६(१), पृ. १२ ।

राई, मेडल (वि.सं. २०६२), वाम्बुले राईको खाउमा'. *लिब्जु-भुम्जु,* वर्ष-१३, २८(१), पृ. २०-२१ ।

राई, लोकेन्द्र ब. (वि.सं.२०७८), धिमिले गाउँमा बस्ने वाम्बुले राईको परम्परा', *इक लिब्जु-भुम्जु,* वर्ष–११, ८५( १२), पृ.४९-६१ ।

राई, शुभराज (वि.सं. २०७७), *किरात वाम्बुले राई जातिको मौलिक संस्कृतिको अध्ययन* [स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र], समाजशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, सिराह ।

राई, सीताकुमारी राई (वि.सं. २०७२), *वाम्बुले राई जातिको मृत्यु संस्कार* [स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र], समाजशास्त्र/मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, पाटन ।

हाताचो, जीवन र विकास सौगात (सं) (मि.न.), *सुरिम-शिलाखा* रितुम मुन्धुम विशेषाङ्क, काठमाडौं : वाम्बुले राई समाज ।